# हरिहरपुरगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७९ (पहिलो संशोधन) २०८२

हरिहरपुरगढी गाउँपालिकाको शिक्षा नियमावली २०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले, शिक्षा ऐन २०७८ को दफा ४८(१) दिएको अधिकार प्रयोग गरी हरिहरपुरगढी गाउँकार्यपालिकाले देहायका नियमहरु बनाएको छ :

**१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमहरुको नाम "हरिहरपुरगढी गाउँपालिकाको शिक्षा नियमावली २०७९, (पहिलो संशोधन) २०८२" रहेको छ ।**

(२) यो नियमावली तुरुन्तै प्रारम्भ हुनेछ ।

**२. <u>शिक्षा नियमावली २०७९ को नियम २६ (२) मा संशोधन :</u> मूल नियमावलीको नियम २६ को,**

(१)उपनियम (२) मा रहेका "अभिभावकबाट मनोनित" भन्ने शब्द पछिको "३" भन्ने अंकको सट्टा "४" र "जना गरी जम्मा" भन्ने शब्दहरु पछिको "४" भन्ने अंकको सट्टा "५" राखिएको छ ।

**३. <u>मूल नियमावलीको नियम ५४ मा संशोधन :</u> मूल नियमावलीको नियम ५४ को,**

(१) उपनियम (१) को खण्ड "(क) (ख) (ग) र (घ) (ङ) को सट्टामा देहायका (क) (ख) (ग) (घ) (ङ) राखिएको छ ।

"(१) (क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(ग) प्रधानाध्यापक - सदस्य

(घ) शिक्षा शाखाका कर्मचारी बढीमा २ जनासम्म - सदस्य

"(२) उपनियम (१) को खण्ड (ङ) मा रहेको "प्रधानाध्यापक" शब्दको सट्टा "गाउँपालिका अध्यक्षलाई शिक्षक तथा कर्मचारी छनौट समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ " भन्ने शब्दहरु थप गरिएको छ ।

"( ) उपनियम (१) को खण्ड (च) हटाइएको छ ।

**४. <u>मूल नियमावलीको नियम १०७ मा संशोधन :</u> मूल नियमावलीको नियम १०७ को,**

"१. शिक्षा नियमावली..............भन्ने शब्दहरुको सट्टा देहायको उपनियम (१),(२) र (३) राखी थप गरिएको छ :-

(१) शिक्षा नियमावली संशोधन गर्नु परेमा गाउँकार्यपालिकाको निर्णयअनुसार हुनेछ ।

(२) यो नियमावली लागू भएपश्चात् शिक्षा नियमावली २०७५ स्वतः खारेज हुनेछ ।

(३) यस नियमावलीमा लेखिएका कुनै बिषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म मात्र निष्कृय हुनेछ ।"

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष